# आदिवासी जनजाति वुटवल घोषणापत्र-२००७

झण्डै २४० वर्ष लामो समयको सामन्ति केन्द्रिकृत एकात्मक राज्यसत्ताबाट बिस्थापित गरिएका जाति,भाषा धर्म, संस्कृति तथा वर्ग क्षेत्र र लिं॰को आधारमा शोषण , दमन र उत्पिडनमा पारिएका नेपालीको कुल जनसंख्यँको अग्रस्थान ओगटेका आदिवासी जनजातिहरुले लामो समयदेखी संगठित तथा असंगठित रुपमा गर्दै आएको सघषले २०६२/६३ को जनआन्दोलनबाट आंसिक सफलता प्राप्त गरेता पनि ,

राज्यसंत्ताको स्वरुप पुरानै ढा“चाकों सामन्ती केन्द्रिकृत र एकात्मक रहेकोले राज्यसंत्तालाई नेपालका सबै जाति जनजाति ,वर्ग समुदाय ,लिं॰को सहभागिता र समानुपातिक प्रतिनिधित्व हुनेगरि समावेशी बनाउन आत्मनिर्णयको अधिकार र जातिय प्रादेशित स्वशासनको आधारमा संधिय राज्यको निर्माण गर्न संविधान सभाको निर्वाचन मंसिर ६गते सम्पन्न गर्न आवश्यक भएकोले

संविधान सभामा जातिय जनसख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नपुर्ण समानुपातिक निर्वाचन प्रणालिको माग सहित नेपाल आदिवासी जनजाति महासंघ , आदिवासी जनजाति संयुक्त संघर्ष समिति , नेपाल राष्ट्रिय आदिवासी जनजाति महासंघ , नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघ लगायतका जातिय संघ सस्था हरुले गर्दै आएका आन्दोलनले मिति २०६४साउन २२ गते नेपाल सरकारको बार्ता टोलिसंग सम्पन्न भएको २० वुदे सहमति द्धारा आंसिक रुपमा सफलता प्राप्त गरेकोले

२०६४साल साउन २२ गते नेपाल सरकारको वार्ता टोलिसंग सम्पन्न भएको २० बु“दे सहमति द्धारा प्राप्त आंसिक सफलतालाई आधार मान्दै पुर्ण समानुपातिक प्रतिनिधित्वको मागप्रति हाम्रो अडानलाई कायम राख्दै,

आत्मनिर्णयको अधिकारको सिद्धान्त र जातिय प्रादेसित स्वशासनको आधारमा संघिय राज्यको निर्माण प्रति प्रतिबद्ध रहदै विश्व आदिवासी दिवस २००७ (२०६४) को उपलक्ष्यमा नेपालका सम्पुर्ण हामि आदिवासी जनजातिहरुको तर्फबाट आदिवासी जनजाति वुटवल घोषणा पत्र जारी गर्दछौ ।

- नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयूक्त सघर्ष समिति , नेपालका बिचमा सम्पन्न भएको २० बु“दे सहमतिलाई हामी सम्पूर्ण आदिवासी जनजातिहरु स्वागत गर्दछौं ।

- २०६४साल साउन २२ गते नेपाल सरकारको वार्ता टोली र नेपाल आदिवासी जनजाति महासंग, रआदिवासी जनजाति संयूक्त सघर्ष समिति र नेपालका बीचमा सम्पन्न भएको सम्पूर्ण आदिवासी जनजातिहरु स्वागत गर्दछौं
- सरकारले घोषणा गरे अनुसार २०६४ मंसिर ६ गते सीवधानसभाको निर्वाचन सम्पन्न गर्नै पर्छ ।
- संविधानसभामा जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व र अनुपात नपुग्ने सुचिकृत जनजातिको हकमा एक जाति एक प्रतिनिधि सुनिश्चित गर्नु पर्दछ ।
- आत्मनिर्णयको अधिकारको आधारमा जातिय प्रदेशिक स्वशासनको संरचना स्वरुप र खा“चा तयार गर्न आदिवासी जनजातिहरुको व्यापक सहभागिता र सुझाव सल्लाहमा वस्तुगत स्थितिको समेत विस्तृत अध्ययन गरी हिमाल ,पहाड र तराई क्षेत्रका सबै आदिवासी जनजातिहरुको वास्तविकता र भावना समेटिने गरी एक कार्यदल गठन गर्नुपर्दछ ।
- २०६४मंसिर ६ गते सम्पन्न हुने संविधानसभाको निर्वाचन उपर्यूक्त वातवरणा सृजना गरी देश ब्यापी रुपमा जनजाति जागरणा अभियान चलाउनु पर्दछ ।

पासा¨ शेर्पा
अध्यक्ष , नेपाल आदिवासी जनजाति महासंघ

के.बी गुरु¨
आदिवासी जनजातिसंयूक्त संघर्ष समिति ,नेपाल